# सुनकोशी गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा गाउँपालिका अध्यक्ष श्री टपिन्द्रप्रसाद तिमिल्सिनाज्यूद्धारा प्रस्तुत
# आर्थिक वर्ष २०८०/०८१ को
# नीति तथा कार्यक्रम

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँग्रेटार, सिन्धुपाल्चोक
वागमती प्रदेश नेपाल
१० असार २०८०

**सुनकोशी गाउँपालिका**
**दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा गाउँपालिका**
**अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाद्वारा प्रस्तुत**
**आर्थिक वर्ष २०८०/०८१ को**

# नीति तथा कार्यक्रम

**सभामा उपस्थित उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**सातै वडाका आदरणीय वडाध्यक्ष ज्युहरू**
**सबै कार्यपालिका सदस्य ज्यूहरू,गाउँ सभाको सदस्य ज्युहरू**
**सभामा उपस्थिति हुनु भएका राष्ट्रसेवक कर्मचारी,पत्रकार, सुरक्षा निकाय लगायत सबैमा हार्दिक नमस्कार, अभिवादन व्यक्त गर्दछु ।**

आज हामी सुनकोशी गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा छौं । विक्रम संवत २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट हामी निर्वाचित भएपछिको दोस्रो अर्थात आगामी आ.व.२०८०/८१को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु। समृद्ध सुनकोशी बनाउने अभियान सहित हामी २०८०/८१ को नीति तथा कार्यक्रमको तयारीमा जुटेका छौ , र सोही अनुरूप सबैको सरसल्लाह अनुसार सुनकोशीलाई सबल र सम्पन्न बनाउने तयारी स्वरूप नीति, कार्यक्रम तथा बजेटलाई व्यापक जनमुखी, पारदर्शी विकासमुखी बनाउने आकाङ्क्षाका साथ आ.व. २०८०/८१ नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको यस महत्वपूर्ण घडीमा मुलुकको विकास परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्र, मानवअधिकार सुनिश्चितताका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा सहभागी भई बलिदान हुनुहुने ज्ञात अज्ञात सहिदहरू प्रती भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै राष्ट्रिय अखण्डता, स्वाधिनता, र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने अग्रजहरूमा उच्च सम्मान व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्यज्युहरू,**

सुनकोशी आफैंमा प्राकृतिक विविधताले भरिपूर्ण, साधन स्रोत प्रशस्त रहेको र काखैमा सुनकोशी नदी सललल बगेको पर्यटन, उद्योग खानी, कृषि र पशुमा अथाह सम्भावना भएको गाउँपालिका हो । गाउँपालिकामा उपलब्ध स्रोत र साधनहरूलाई अधिकतम उपयोग गरी समृद्ध सुनकोशीको सपनालाई साकार गर्न तपाईं हामी सबै, प्रत्यक्ष अप्रत्यक्ष तवरबाट संलग्न हुन र सदैव आलोचनात्मक सुझाव सरसल्लाहको म अपेक्षा गर्दछु । सम्वृद्ध सुनकोशी हामी सबैको चाहानाका लागि सम्वृद्ध सुनकोशीको पवित्र भावना शिरमा राखेर हामी सबै एकजुट हुनुको विकल्प हानमी सँग छैन । तर्सथ प्रस्तुत नीति तथा कार्यक्रम एवम यसका आधारमा बन्ने बजेटमा हामी सबैको भावना समेटी साझा दस्तावेज बनाउन प्रयासरत छु र, नीति तथा कार्यक्रमको आधारमा बन्ने बजेटमा पनि हामी सबैको भावाना समेटीने साझा दस्तावेज भएकाले यसमा सबैको सल्लाह सुझावलाई समेटिने प्रयास गरिने जानकारी गराउँदछु ।

**स्थानीयले छुन सक्ने, देख्न सक्ने र महशुस गर्न सक्ने नजिकैको सरकार भनेको स्थानीय सरकार नै हो** । स्थानीय सरकार नै जनतासँग प्रत्यक्ष सरोकार राख्ने र काठमाडौं सिंहदरबारको अधिकार गाउँमा स्थापना गर्ने एक मात्र निकाय हो ।

नदी पर्यटनमा सही योजना र मार्गदर्शनको कमीले काखैमा सुनकोशी नदी बग्दा हामीले सुनकोशीको मुहार फेर्न सक्ने अवसरलाई उपयोग गर्न सकेका छैनौं । पालिकावासीको  समृद्धिको सम्भावना बोकेको सुनकोशी नदीलाई उपयोग गरी पर्यटकीय कोरिडोर मार्फत हजारौं स्थानीयलाई रोजगारी सिर्जना गर्ने तपाईं हामी सबैको सपना हो । कृषि पेशाबाट मात्रै समृद्धि सम्भव छ भन्ने मान्यतालाई यो पटक सुनकोशी गाउँपालिकाले विशेष नीति लिएको छ र कृषितर्फ पशुपालनलाई विशेष जोड दिइएको छ । हाम्रो पालिकामा वित्तीय क्षमता धेरै कमजोर रहेको तथा उपलब्ध स्रोत साधनको सही परिचालनबाट बलियो बनाउने गाउँपालिकाको आम्दानी कोष लगभग न्यून अबस्थामा छ ।

**उपस्थित सभासदस्य ज्यूहरू,**

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकको बलेफी गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, लिसंखुपाखर गाउँपलिका, चौतारा सागाचोकगढी नगरपालिका र काभ्रेपलान्चोक जिल्लाका भुम्लु गाउँपालिकाले घेरिएको, पुर्वाधारमा फड्को मारिरहेको र विकासमा प्रचुर सम्भावना रहेको बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला अन्तर्गतको गाउँपालिका हो ।

७ वटा वडा रहेको यस गाउँपालिकाभित्र हालसम्म शिक्षाको क्षेत्रमा २ वटा सामुदायिक क्याम्पस, ११ मा.वि., २२ आधारभुत बिद्यालय र २ निजी विद्यालयहरू रहेका छन् । स्वास्थ्य क्षेत्रमा भने १ आधारभुत अस्पताल, ६ स्वास्थ्य चौकी र ४ वटा सामुदायिक स्वास्थ्य एकाई रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ४५०९ घरधुरी र १५३०७ जनसंख्या रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल ७२.८४ वर्ग कि.मी. रहेको छ ।

जातीय हिसाबले यस पालिकामा क्षेत्री, बाहुन, दलित, आदिवासी, तामाङ, अल्पसंख्यक (थामी, पहरी) रहेको र हिन्दु, बौद्ध इसाई धर्मावलम्बी रहेका छन् । खासगरी पछिल्लो समयमा मन्दिर, गुम्बा, चैत्य र चर्च लगायतका निर्माणले गतिशीलता लिंदा र कुल पुजा देवाली धार्मिक हिसाबले महत्व राख्ने अन्य पर्वहरूमा बढ्दो जमघटले सास्कृतिक र सामाजिक विकासलाई  टेवा पुगेको पाइन्छ । खासगरी काठमाडौं लगायत सहरी क्षेत्रमा घर जग्गामा लगानी गर्नेको सहरी क्षेत्रको घर जग्गाको भाउ एक्कासी आकासिनाले उनीहरूको आर्थिक समृद्धिमा ठूलो मद्दत पुगेको देखिन्छ ।

वैदेशिक रोजगारीमा गएकाहरूले पनि एकाध घटना बाहेक उनीहरूले भित्राएको विप्रेषणले जीवनस्तरमा सुधार ल्याएको पाइन्छ । तर कृषि,पशुपालन र पर्यटनजस्ता अथाह सम्भावना बोकेका क्षेत्रलाई अँगालेर जीवनस्तर सुधारेको उदाहरण भने निकै कम देखिन्छ। कृषि, पशुपालनलगायत अन्य घरेलु प्रविधिमा आधारित लघु उद्यमलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउनु पर्ने टड्कारो आवश्यकता अहिले सुनकोशी गाउँपालिकामा देखिएको छ ।

नीति तथा कार्यक्रम पेश गर्दै गर्दा सुनकोशी गाउँपालिकाको अहिलेसम्म आफ्नै भवन निर्माण हुन सकिरहेको छैन, तथापी भवन निर्माणका लागि छलफल र बहस सुरू भएको छ।  विभिन्न किसीमका चुनौती, अवसर र सम्भावनाका बिच एक वर्ष पुरा गरेका स्थानीय सरकारले तमाम अन्यौलबीच विविध खालको

परिस्थितिलाई समेट्दै समृद्ध राजनैतिक दल, विज्ञ बुद्धिजीविहरूको रायसल्लाह सुझावलाई समेट्दै जनअपेक्षा अनुरूप नीति तथा कार्यक्रम बनाउने जमर्को गरेको छु । अहिलेसम्म गाउँपालिकामा बनेका ऐन तथा कार्यविधि अपुग रहेका छन् । सेवा प्रवाहलाई थप व्यवस्थीत बनाउन गाउँपालिकाका् नियमित कार्य सञ्चालन गर्न र कामलाई व्यवस्थीत र पारदर्शी बनाउनलाई आवश्यक पर्ने ऐन तथा कार्यविधिहरू थप गर्दै जानु पर्ने अवस्था छ ।

स्थानीय निर्वाचनबाट निर्वाचित सरकारको यो दोस्रो नीति तथा कार्यक्रम संघीय गणतान्त्रिक नेपालको संविधान २०७२ को अनुसूची ८ ले दिएको स्थानीय सरकारको अधिकारबाट, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधानमा टेकेर, राष्ट्रिय योजना आयोगको आ.व.२०८०/८१ को बार्षिक कार्यक्रम र त्रिबर्षीय मध्यमकालिन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा २०७८ अनुसार राष्ट्रिय योजना आयोगकै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनलाई गहन अध्ययन गरी सुनकोसीलाई समृद्ध बनाउन हामीले तयार गरेको निम्न नीति तथा कार्यक्रम रहेको यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

राष्ट्रिय योजना आयोगको पन्ध्रौ पञ्च वर्षीय योजना (आ.व.२०७६/७७–२०८०/८१) को उद्देश्य अनुरूप नेपाल सरकारले अवलबन गरेको १५ वर्षीय दिगो विकास योजना (२०७६-२०९१) को लक्ष्यलाई भेट्टाउनको निम्ति हामीले यस गाउँपालिकामा स्थानीय, आवश्यकता, स्रोत साधनको स्थिति र अनिवार्य तत्काल लागू गर्नुपर्ने कदमहरूलाई मध्यनजर गरी वार्षिक योजना अन्तर्गत कार्यपालिकाका सदस्यहरूद्धारा गठित बिभिन्न विषयगत सुझाव सरसल्लाहलाई समेट्दै यी विषयगत स्थानीय सरकारका मन्त्रालयहरूको क्षेत्रलाई सम्बोधन हुने गरी समृद्ध सुनकोशी बनाउने हाम्रो अठोटलाई पुरा गर्न विकास र समुन्नतिको पर्यायको रूपमा लिएको ३ खम्बे नीति, निजी, सार्वजनिक र सहकारीको मर्मलाई छुने गरी निम्नानुसारका नीति तथा कार्यक्रमलाई प्रस्तुत गरेको जानकारी गराउँदछु ।

## दीर्घकालीन सोच

**२१ औं शताब्दीको सुनकोशी गाउँपालिका, आधुनिक प्रविधि, नवीनतम् सोचसहितको समुन्नत पालिका ।**

## लक्ष्य तथा उद्देश्य

सुनकोशी गाउँपालिकामा रहेका खेतीयोग्य भूमि,वन जङ्गल, नदी, सडक हाल रहेका पुर्वाधारहरू, सहकारी संघसंस्था, पालिकाभित्र रहेका बिभिन्न क्षमताका जन शक्ति, पालिकावासीले आय आर्जन र जीविकोपार्जनको लागि गर्दै आइरहेका कृषि,पशुपालन तथा अन्य घरेलु प्रविधिका कार्यहरू लगायत समग्र पक्षको रूपान्तरण गरी सुनकोशी गाउँपालिकाको अबस्थामा आमूल परिवर्तन ल्याउन सक्ने बनाइ पञ्चवर्षीय तथा आवधिक योजना बनाई दिगो विकासका कार्यक्रमसँग तादम्यता हुने गरी लागु गर्ने अठोट लिएको छु ।

माथि उल्लेखित लक्ष्य र उद्देश्य प्राप्ति गरी दीर्घकालीन सोचलाई हासिल गर्न निम्नानुसारका नीति कार्यक्रमलाई प्रस्तुत गर्न सम्माननीय सभा समक्ष अनुमति चाहन्छु।

### सुनकोशी गाउँपालिकाको आ.व. ०८०/८१ को मूलभूत नीतिहरू

☞ राजनीतिक सहमति, सहकार्य, समन्वय र समझदारी कायम गरी गाउँपालिकाको विकासलाई अगाडि बढाइने छ ।

☞ बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकासको लक्ष्य अनुरूप तर्जुमा गरी लागु गरिने छ ।

☞ उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा उद्योग सञ्चालनका लागि प्रोत्साहित गरिने छ ।

☞ सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई संघ र प्रदेशसँग नियमित सम्पर्क र सम्बन्धको माध्यमबाट गाउँपालिकाको विकास गरिने छ ।

- ☞ गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरूबाट प्रविधि मैत्री, छिटो छरितो र गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ र यसलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिने छ ।
- ☞ गाउँपालिकामा कानुन निर्माण प्रक्रियालाई सुदृढ गर्न सुरू गरिएको छ र जारी भएका ऐन, कानून र कार्यविधिलाई समयानुसार परिमार्जन तथा संसोधन गर्दै लगिने छ ।
- ☞ आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष लाभ प्राप्त गर्ने अवस्था सिर्जना गराइने छ ।
- ☞ सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न प्रोत्साहित गरिने छ ।
- ☞ राजनीतिक, कार्यकर्ता, सामाजिक संघसंस्था र आम नागरिकलाई श्रम गर्न प्रोत्साहित गरिने छ ।
- ☞ विभिन्न क्षेत्रका विशेषज्ञहरूको सीप र ज्ञानलाई गाउँको विकासमा लगाउने व्यवस्था मिलाइने छ ।
- ☞ तुलनात्मक लाभको क्षेत्रको पहिचान गरी छिमेकी पालिकासँग समन्वय र सहकार्य गरी उद्योग विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गरिने छ ।
- ☞ स्थानीय विकास निर्माण, प्राकृतिक स्रोत साधनको परिचालन, राहत तथा सहायतासम्बन्धी विषयलाई कानुन बनाएर मापदण्ड विकास गरी पारदर्शी बनाइने छ ।
- ☞ विकासको प्रमुख आधार स्तम्भको रूपमा रहेको सडक निर्माण कार्यलाई व्यवस्थित बनाइने छ । सकेसम्म नयाँ ट्र्याक निर्माण नगर्ने र भएका सडकहरूलाई स्तरोन्नति गर्ने नीति लिइएको छ ।
- ☞ गाउँपालिकाद्वारा समुदायको सहभागितामा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरू टोल विकास संस्थामार्फत गर्ने गरी टोलटोलमा टोल विकास समितिहरू गठनको गृहकार्य गरिने छ ।
- ☞ गाउँपालिका भित्र सञ्चालन गरिने सबै योजनाहरूको पारदर्शीता, गुणस्तरीय एवम दिगो बनाउनका लागि स्थलगत अनुगमण गर्ने कार्यलाई निरन्तरा दिइने छ ।

# आर्थिक विकास
## कृषि तथा पशुपन्छी विकास नीति

सुनकोशी गाउँपालिकाले कृषि तथा पशुपन्छीको क्षेत्रमा व्यवसायिकरण र आधुनिकीकरण गर्दै यो गाउँपालिकाका कृषिमा पनि दुग्धजन्य उत्पादनलाई प्रथामिकतामा राख्ने नीति प्रमुखताकासाथ अगाडि बढाइने छ । पशुपन्छी पेशामा संलग्न कृषकहरूको समृद्धिका लागि उत्पादनमा जोड दिने गरी कृषि तथा पशुपन्छी क्षेत्रको समग्र विकासको नीति अवलम्वन गरिनेछ ।

१) वैदेशिक रोजगारीबाट फर्केका,विपन्न, दलित, महिला तथा पशुपालकका कृषकहरूलाई दुध उत्पादनजन्य पशुमा विशेष अनुदान नीति यो वर्ष लिइने छ ।

२) पशुपालन गर्ने कृषकहरूलाई लक्षित गरेर यो वर्षदेखि पशु बिमाको सुरूवात कार्यविधि बनाएर गाउँपालिकाबाट सुरू गरिने छ ।

३**) "बारी बाँझो नराखौं, माटोले मागेको रोपौं"** भन्ने अभियान अन्तर्गत कृषकलाई माटोको प्रकार गुणस्तर हावापानी अनुकूल खेती गर्न मल, बिउ, प्राविधिक सेवामा सहजीकरण गरिने छ र यसलाई अझै प्रभावकारी बनाइने छ ।

४) पालिका भरका खेतीयोग्य जमिनको माटो परीक्षण वातावरणीय अध्ययन गरी कृषि विज्ञको संलग्नतामा उच्च उत्पादन, प्रतिफल दिने अन्न,तरकारी फलफूल नगदेबाली वा अन्य बोटबिरूवाको सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्रको बिस्तार गर्न पहल गरिने छ। हावापानी सुहाउँदो स्थानीय बाली तथा जातहरूको प्रवर्द्धन र बिस्तार गरिनेछ ।

५)उन्नत जातको धेरै उत्पादन दिने बिउ बिजन कृषकलाई सहुलियत दरमा प्रदान गर्न बिउ बिजनमा काम गर्ने सहकारी तथा अन्य संघ सस्था सम्बद्ध निकायसँग समन्वय भएर यस वर्षदेखि काम सुरू भएको र यसलाई अझै प्रभावकारी बनाएर अगाडि बढाइने छ। सामुदायिक बिउ बैकको स्थापना तथा सवलीकरणमार्फत जलवायु अनुकूलित स्थानीय बिउहरूको संरक्षण, प्रवर्द्धन तथा सहज उपलब्धताको व्यवस्थालाई निरन्तरता दिइने छ ।

६)पालिकाको किसानको उत्पादन सजिलै बजारमा पहुँच पुर्‍याउन यो वर्ष सुनकोशी गाउँपालिका - १ र २ मा तरकारी संकलन केन्द्र निर्माणको सुरूवात गरिएको छ । यसलाई क्रमश अन्य वडाहरूमा समेत निर्माण गर्ने नीति अगाडि ल्याइने छ । कृषि संकलन तथा भण्डारण केन्द्र बनाउने, बजारीकरणमा मद्दत

पुर्याउने र कृषि उपजको उत्पादनको आधारमा यथासक्य अनुदान उपलब्ध गराइने छ ।

७) कृषि बिमालाई प्रभावकारी बनाइने छ र सम्पूर्ण किसानहरूलाई यथासक्य बिमाको पहुँचमा पुऱ्याउन पहल गरिने छ ।

८) कृषिलाई आधुनिकीकरण गर्न आवश्यक प्रविधि, कृषि सामाग्री भित्र्याउन पहल गरिने छ ।

९) युवाहरूलाई कृषिमा आकर्षित गर्न विशेष तालिमको ब्यवस्था गरिने छ र आवश्यकतानुसार सबै वडामा कृषि विज्ञ राखिने छ । पर्यावरणीय कृषिका बिभिन्न अभ्यासहरूसम्बन्धी तालिम तथा सहयोग कार्यक्रम लागू गरिने छ ।

१०) बहुउद्देश्यीय नर्सरी स्थापना र व्यवस्थापन गर्नको लागि सम्बन्धित निकायहरूसँग पहल गरिने छ ।

११) ताजा तरकारीहरूको संकलन तथा बजारीकरणमा सहजीकरण गरिने छ साथै अगुवा कृषकहरूको अनुभव साटासाट गर्नका लागि कृषक भेटघाट कार्यक्रम राखिने छ।

१२) एक गाउँ एक उत्पादनको अवधारणा अनुसारको कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरेर कृषकहरूलाई व्यवसायिक बनाउने नीति गाउँपालिकाको हुने छ ।

१३) सम्पूर्ण पशुपालक किसानहरूलाई पशु बिमा गर्न उत्प्रेरित गरिने छ ।

१४) सहकारी, पशु फर्म, पशुपालक कृषकहरूले कृषि तथा पशुपालनमा टेवा पुग्ने काम गरेमा उहाँहरूलाई आवश्यक सहयोग गरिने छ ।

१५) **'उन्नतिका लागि युवा जाँगर, विकासका लागि व्यवसायिक उत्पादन'** भन्ने उद्देश्यसहित बैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि, पशुपालन र उद्योग व्यवसायमा आकर्षित गर्न व्यवसायीकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१६) यस क्षेत्रमा सबैभन्दा बढी उत्पादन हुने मकैलगायत स्थानीय उत्पादनहरूलाई उपयोग गरी विश्व बजारमा पठाउने उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

१७) कफीको उत्पादन तथा बजारीकरणमा जोड दिइने छ ।

१८) किसान सूचीकरण कार्यक्रम संचालन गरी किसानको अभिलेखलाई व्यवस्थित बनाइने छ ।

१९) आलु ब्लक, फलफूल एवं तरकारी पकेट क्षेत्र कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

२०) कृषि प्रसार तथा कृषकहरूको क्षमता विकासका लागि कृषकहरूलाई प्रविधि विस्तार सम्बन्धी  कार्यक्रम सञ्चालन गरिने छ ।

२१) उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२२) पशूपन्छीहरूमा देखिने महामारीजन्य रोग गाउँपालिकाबाटै उन्मुलन गर्नका लागि ७ वटै वडाहरूमा पशुपन्छीमा लाग्ने महामारीजन्य रोगहरू विरूद्ध भ्याक्सिनेसनको कार्यक्रमलाई संचालन गरिने छ ।

२३) हरेक बर्ष पशुपन्छीमा लाग्ने विभिन्न रोगहरूको कारण पशुपालक कृषकहरूको अधिक रूपमा  आर्थिक क्षति हुन नदिनका लागि पशु सेवा शाखाबाट प्रत्येक वडाको विभिन्न स्थानहरूमा पशपन्छीको औषधि निःशुल्क वितरण गरिने छ।

२४). वृक्षारोपण कार्य गर्दा फलफुलका विरूवा वृक्षरोपण गर्ने नीति लिइनेछ ।

२५). कृषीयोग्य जमिनमा रहेका बुढा पुराना रूख हटाई कृषी उत्पादनमा जाड्ने नीति लिइनेछ ।

## पर्यटन

१) पर्यटन विकास समेतलाई मध्यनजर गरी अरनिको राजमार्गको बैकल्पिक सडकको रूपमा चेहेरेदेखि बाह्रबिसेसम्म जुरे पहिरोको बैकल्पिक मार्गसमेत हुनेगरी सुनकोशी  नदीको गाउँ पालिकातर्फको किनारैकिनार सडक निर्माण गर्नको लागि गाउँपालिकाले यो वर्ष डीपीआर तयार गरेको र वन क्षेत्रको आ.इ.इ **(IEE)** गरेर उक्त सडक निर्माणका लागि प्रदेश सरकार र केन्द्र सरकारलाई अनुरोध गर्ने र आगामी वर्षदेखि उक्त, मार्ग निर्माणको सुरूवात गरिने छ । साथै सुनकोशीमा पर्यटन विकासको लागि विभिन्न भू–भागको पहिचान गरी पर्यटनको प्रवर्द्धन गरिने छ ।

२) सुनकोशीको पर्यटन विकासको लागि पाखरखोलामा ड्याम पाङ्ग्रेटार खेलमैदान पौडी पोखरी बसन्तेश्वर महादेव, सुनकोशी पावर हाउसको पोखरीमा माछापालन, ६ नम्बर वडाको गोल्मेको पर्यटन प्रवर्द्धन, सुनखानी भोटेयामुना, सुनखानीको जोरभिर सिल्कुको पर्यटकीय सम्भावना र विश्वको पहिलो सामुदायिक ठोकर्पा सामुदायिक वनको पहिचान तथा प्रवर्द्धन एवं सितापाइला, भ्यू-टावर, चमेरो गुफालगायत पर्यटकको सम्भावना बोकेको क्षेत्रहरूको प्रवर्द्धन र विकासको नीति लिइने छ। र यीमध्ये केहीको सम्भाव्यता अध्ययन पुरा भएको छ भने बाँकी क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरेर सुनकोशी नदीको सदुपयोग गरी सुनकोशी गाउँपालिकामा होमस्टे लगायतका पर्यटन विकासको लागि सम्पूर्ण सुनकोशी वासीहरूको सहयोगका साथ पर्यटनको विकास गरिने छ ।

३) सुनकोशी -३ मा रहेको उखुवारी सामुदायिक होमस्टेलाई थप व्यवस्थित गर्दै लगिनेछ।

४) पर्यटन प्रवर्द्धनको लागि सम्भावना रहेका समुदायमा स्थानीय संस्कृति सहितको होमस्टे सेवा प्रवर्द्धन गरिने छ । होमस्टेमा स्थानीय उत्पादन प्रोत्साहित गरिने छ ।

५) राजधानी लगायत देश-विदेशका पाहुना लक्षित गरी सुनकोशी किनारमा सुविधा सम्पन्न रिसोर्टको प्रवर्द्धन गर्न सहजीकरण गरिने छ । यसबाट स्थानीय स्तरमा रोजगारी समेत सिर्जना हुनेछ ।

६) गाउँ पर्यटन क्षेत्रको दिगो विकासका लागि गाउँ पर्यटन संभ्भाव्यत्ता अध्ययन भइसकेकोले उक्त प्रतिवेदन कार्यन्वयनका लागि पर्यटन बोर्ड लगायतका निकायहरू सँग समन्वय एवम सहकार्य गरिने छ ।

७) पर्यटनका क्षेत्रमा छुट्टै नीति निर्माण गरी सुनकोशी पर्यटन बोर्ड गठन गरिनेछ।

८) नीतिगत एवम् कानुनी व्यवस्था गरी गाउँपालिकामा गठित पर्यटन बोर्डलाई उत्पादन र बजारीकरण तथा होमस्टेजस्ता कार्यक्रम सञ्चालन गरिने छ।

१०) सुनकोशी गाउँपालिकामा पर्यटन क्षेत्रहरूको स्थानको सूचीकृत गरी गुरू योजना निर्माण गरिने छ।

# आर्थिक/राजस्व नीति

अर्थतन्त्रका तीन स्तम्भहरु सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वःस्फूर्त विकास र परिपूरक भूमिका मार्फत गाँउपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरु केन्द्रित गरिने छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा प्रावधान रहेको स्थानीय सञ्चित कोष सवल बनाउने गरी आर्थिक तथा राजस्व नीति अवलम्बन गर्न पहल गरिने छ ।

१) **'गाउँपालिकाको कर हाम्रै गाउँको विकासका लागि'** भन्ने नारालाई मूर्तरूप दिने गरी कार्यक्रम बनाइने छ ।

२) राष्ट्र चलेकै करकै कारणले हुनाले आयआर्जन गर्ने व्यक्ति संघसंस्था वा निजी उद्योग, कम्पनीहरूले कर तिर्ने र आयस्रोत नभएका निमुखा जनताहरूले त्यसको सहयोग लिने विश्वव्यापी प्रचलन छ र यदि हामी सुनकोशी समृद्धि चाहन्छौ भने आम्दानी हुनेले वा सम्पत्ति हुनेले कर तिर्नुपर्छ र त्यो करले निमुखा आम्दानी नहुने निमुखा जनताहरूको टेवा पुऱ्याउने काम गर्नु पर्दछ त्यसैले करबिनाको समृद्धि कल्पना गर्दछौ भने बेअर्थ हुनेछ र हामी सुनकोशी समृद्धिको लागि आवश्यकतानुसार सक्नेलाई कर लिन्छौ र निमुखा जनताहरूलाई कर संकलनबाट भएको आम्दानीले गरिबी निवरणको लागि आवश्यक पहल गरिने छ ।

३) करको दायरा फराकिलो पार्दै लगिने छ ।

४) व्यवसाय दर्ता, प्यान, भ्याटमा दर्ता, सरकारले लिने कर राजस्वको बिषयमा जनचेतना जगाउन सम्बन्धित कार्यालयको सहयोगमा पालिकामा अभिमुखीकरण शिविर गरिनेछ।

५) करको दर वैज्ञानिक तरिकाले निर्धारण गरिने छ ।

६) कर तिर्नु राष्ट्रलाई योगदान गर्नु हो भन्ने मान्यतालाई स्थापित गर्न पहल गरिने छ ।

७) कर सम्बन्धी अभिलेख व्यवस्थापन तथा कर उठाउने कार्यलाई सरल, छिटो छरितो तथा व्यवस्थित बनाउन विभिन्न सफ्टवेयरहरूको विकास गरीएकोमा सबै वडाहरूबाट अनिवार्य रूपमा सफ्टवेयर प्रयोग गरी कर उठाउने व्यवस्था प्रभावकारी बनाइने छ ।

८) सुनकोशी गाउँपालिका भर संचालनमा रहेका व्यापार, व्यवसाय तथा उद्योगहरूलाई रकको दायरामा ल्याउनका लागि गाउँपालिकाले तोकेको समय भित्र दर्ता गर्ने व्यवसायिकहरूका लागि एक पटकका लागि विषेश छुटको दिईनेछ। यसरी व्यवसाय दर्ता गर्दा दर्ता भएको राजश्वबाट शिक्षा क्षेत्रमा लगानी गरिने छ। जसमा उक्त राजश्वबाट संकलन भएको रकमको २० प्रतिशत रकम जेहेन्दार तथा प्राविधिक क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्रीको व्यवस्था गरिने छ।

## रोजगार/उद्यम नीति

१).परम्परागत पेशा, व्यवसाय, स्थानीय स्रोत सिपमा आधारित घरेलु उधोग, हस्तकला (गलैचा, थान्का, मुखुण्डो) लाई व्यवस्थित गरिनेछ, होटल तथा विभिन्न प्रकृतिका पसल लगायतका मध्यम स्तरका उधोग स्थापना आवश्यक छ । यी पक्षहरूको प्रवर्द्धनमा जोड दिइनेछ । साथै स्थानीय उत्पादनलाई ब्राण्डीङ्ग गर्ने नीति लिइने छ ।

२) गाउँका युवाहरूलाई व्यवसायिक तालिमहरू दिई उद्यमी बन्न उत्प्रेरित गर्नका लागि पालिकाले विभिन्न तालिमहरू सञ्चालन गरिरहेको र यसलाई आगामी वर्ष पनि प्रभावकारी रूपमा कार्यन्वयन गर्दै लगिने छ ।

३) पालिकाभित्र औद्योगिक ग्राम बनाउन पहल गरिने छ ।

४) महिला उद्यम विकासको लागि  कार्यत्रम ल्याइने छ ।

५) सुनकोशी गाउँपालिकाको औद्योगिक नीति तयार गरी बाह्य लगानी भित्राउन पहल गरिनेछ ।

६). युवालाई रोजगारीसँग जोड्नका लागि **र्‍यापफटिङ गाईड** (Rafting Guide, kayak and paragliding Guide) जस्ता सीप मूलक तालिम दिने नीति लिइने छ ।

७) शिक्षित बेरोजगार व्यक्तिहरूलाई रोजगारी दिलाउन विभिन्न प्रतियोगितात्मक परीक्षाको लागि तयारी कक्षाहरू सञ्चालन गरिने छ ।

८) रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाई रोजगारी सिर्जनाका विविध क्रियाकलाप सञ्चालन गरिने छ ।

९) सुनकोशी गाउँपालिकामा सञ्चालनमा रहेको उद्योगहरूलाई करको दायरामा ल्याउन आ.व.२०८०/०८१ निश्चित समय तोकी गाउँपालिकामा स्थापना भई

सञ्चालनमा रहेका सम्पूर्ण उद्योग, व्यापार, व्यवसायलाई एक पटकका लागि २० प्रतिशत र महिलाले स्थापना गरेको भएमा ३० प्रतिशतसहित विशेष छुट प्रदान गरिने छ।

## ङ) भू-उपयोग नीति

**१)**गाउँपालिकाले भु-उपयोग नीति बनाइ जग्गा वर्गीकरणको काम सुरूवात गरिएको र आउदो आर्थिक वर्षदेखि यसलाई कार्यन्वयनमा ल्याइने छ ।

२) पालिकाको सम्पूर्ण सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरिने छ। उपलब्ध जग्गाहरूलाई वातावरणीय अध्ययन गरी आर्थिक उपार्जन गर्ने हिसाबले उपयोगमा ल्याइने छ।

३) सम्पूर्ण खेतीयोग्य जमिनहरूलाई बाँझो नराखिने र बाँझो रहने जग्गाहरूलाई समुचित रूपमा उपयोग गरी उत्पादन तथा व्यवसायिक प्रवर्द्धन हुने खालको कार्य नीति ल्याइने छ।

४) कृषियोग्य जमिनको पहिचान गरी उत्पादनमा वृद्धि हुने खालको योजना ल्याइने छ । परम्परागत रूपमा उपयोग गर्दै आएको तर स्वामित्व नभएको जग्गा जमिनको स्वामित्व प्रदान गर्न पहल गरिने छ । राष्ट्रिय भूमि आयोगसँग समन्वय र सहकार्य गरी भूमिहीन नागरिकलाई भू-स्वामित्व प्रदान गरिने छ ।

## च). सहकारी

विकासको ३ खम्बे अर्थनीतिअन्तर्गत एक खम्बा सहकारी पनि भएको र सुनकोशीको समृद्धिमा सहकारीलाई उपयोग र सहकार्य गर्ने नीति लिइने छ पालिका भरिका सहकारीहरूबीच गाउँपालिका सहकारी ऐन बमोजिम सहकारी लक्षित कार्यक्रम ल्याइने छ ।

**सहकारी सम्बन्धी नीतिहरू :**

१). सहकारी संस्थासम्बन्धी गाउँपालिकाको नियमावली, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गरिने छ ।

२). सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी गाउँपालिकाको मापदण्ड स्वीकृति र नियमनको व्यवस्था गरिने छ ।

३). सहकारी संस्थाको दर्ता,नवीकरण तथा वर्गिकरण गर्ने व्यवस्था लाई निरन्तरता दिइने छ ।

४). सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य गरिने नीतिलाई निरन्तरा दिइने छ ।

५). स्थानीय सहकारी सम्वन्धी क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

६). गरिबीको रेखामुनि रहेको जनसंख्यालाई सीप तथा आय आर्जनमा गोलबन्द गर्नको लागि महिला सहकारीसँग सहकार्य गरिने छ ।

७). एकीकरण हुने सहकारी संस्थाहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ ।

८) सहकारी संस्थाको अनुगमन तथा जाँचाङ्कन प्रणालीलाई व्यवस्थित गरिने छ ।

९) सुनकोशी गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूलाई केन्दीय सूचना प्रणालीमा आबद्ध गराइने छ ।

१०) सहकारी संस्थाहरूलाई उत्पादन, बजारीकरण र पशुपालनको क्षेत्रमा बिमासँग जोडिने छ।

११) सहकारी संस्थाहरूको पूर्ण रूपमा अध्ययन गरी कार्य क्षमताका आधारमा दण्ड, जरिवाना र पुरस्कारको व्यवस्था गरिने छ। सहकारीको विनियममा तोकिएको समय सीमाभित्रमा साधारण सभा र संस्थाको कार्य विवरणबमोजिम सार्वजनिक नगर्ने सहकारीहरूलाई गाउँपालिकाको सहकारी नियमानुसार खारेजी गरिने छ।

## सामाजिक विकास

## क) शिक्षा

१). शिक्षाको मुख्य आधार,जग नै बालविकास हो, त्यसैले शिक्षाको जगलाई नै बलियो बनाउनका लागि गाउँपालिकाले यो वर्ष माध्यमिक तहसम्मका सबै विद्यालयहरूमा स्मार्ट कक्षाकोठा व्यवस्थापनको सुरूवात गरिएको छ । यसलाई क्रमशः माथिल्लो कक्षाहरूमा पनिबिस्तार गर्दै आधारभूत तहसम्म सञ्चालन गर्दै लैजाने नीति अगाडि बढाइने छ ।

२). गाउँपालिका भित्रका विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना भएपनि त्यसको प्रभावकारी सञ्चालन हुन सकेको छैन, त्यसको सिकाइलाई थप प्रभावकारिता बनाउनका लागि आवश्यकताको आधारमा निरन्तरता दिइने छ ।

३). लामो समयदेखि विद्यालयमा अध्यापन गराइरहनु भएका तर सेवानिवृत्त हुने अवधि नपुगेका शिक्षकहरूलाई निजहरूले सेवानिवृत्त हुन चाहेमा आर्थिक सुविधा प्राप्त हुने गरी कार्यविधि बनाई सेवानिवृत्तिका लागि **गोल्डेन ह्यान्चेक** (Golden Handshake) नीतिलाई यो वर्षदेखि कार्यान्वयन गरिने छ।

४). सुनकोशी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम तयार यो वर्षदेखि लागू भएको र आगामी वर्षदेखि पाठ्यक्रम समेत निर्माण गर्दै क्रमशः विद्यालयहरूमा लागू गरिने छ ।

५). विद्यालय समायोजन अभियानलाई निरन्तरता दिइने छ ।

६). सबै विद्यालयहरूमा शिक्षक र विद्यार्थी अनुपात मिलाइने छ।

७). प्रधानध्यापकहरूको लागि तीन तीन महिनामा घुम्ती बैठकको आयोजना गरिने छ ।

८). पालिका भित्रका सबै बिद्यालयको अनुगमन गरी राष्ट्रको शिक्षा नीति नियमानुसार शिक्षक र विद्यार्थीको मिलान गर्न सुरूवात गरिएको र यसलाई निरन्तरता दिइने छ । विद्यार्थी र शिक्षक अनुपात मिलाएर सबै विद्यालयहरूमा दरबन्दी समायोजन गरिने छ ।

१०) विद्यालयलाई बालमैत्री बनाउनको लागि हरसम्मत प्रयास गरिने छ र विद्यालयको अवस्था पहिचान गर्न हरेक ३ महिनामा सम्भव भएसम्म विद्यालयको आर्थिक, सामाजिक, भौतिक अवस्थाको जानकारी लिनको लागि विद्यालय भ्रमण गरिनेछ र विद्यालयमा पर्ने आवश्यक सम्पूर्ण क्रियाकलापको पालिकाले भरपुर साधन स्रोतले भ्याएसम्म र दाताहरूको समेत सहयोग लिई सम्भव भएसम्मको सहयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

११) आवश्यकता अनुसार आफ्नै पालिकाभित्र पनि विद्यालय-विद्यालयबीच अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१४) विद्यालय क्रमशः प्रविधि मैत्री बनाउनका लागि सबै विद्यालयहरूमा नेट जडान भइसकेको छ, त्यस्तै ई हाजिरको पनि सुरूवात भएको छ । यसलाई आवश्यकताको आधारमा निरन्तरता दिइने छ ।

१५) विद्यालयहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी EMIS प्रणालीलाई अझै प्रभावकारी बनाइने छ ।

१६) चिकित्साशास्त्र पढ्न सरकारी स्तरमा लिइने प्रवेश परीक्षामा नाम निकाल्न सफल दलित, अल्पसंख्यक र सीमान्तकृत समुदायका विद्यार्थीलाई शिक्षण शुल्कको शत प्रतिशत र अन्य समुदायका लागि पचास प्रतिशत छात्रवृत्ति उपलब्ध गराइने छ । यसरी छात्रवृत्ति लिएर उत्पादनहुने जनशक्तिले प्रचलित सरकारी सेवा-सुविधा पाउने गरी कम्तीमा सात वर्ष गाउँपालिकामै सेवा दिनुपर्ने छ ।

१७) प्रत्येक विद्यालयबाट कम्तीमा १ जना शिक्षकलाई आइ.सि.टी. सम्बन्धी तालिमको व्यवस्था गरिएको र यसलाई आगामी वर्ष पनि आवश्यकताको आधारमा निरन्तरता दिइने छ ।

१८) पालिकास्तरमा विषयगत शिक्षकहरूको रोष्टर बनाई आवश्यकतामा आधारित विषय शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।

१९) सामुदायिक विद्यालयहरूको गुणस्तरबढाउन सामुदायिक विद्यालय सुदृढीकरण अभियान सञ्चालन गरिनेछ । विद्यालय कर्मचारीहरूलाई संघीय सरकारले घोषणा गरेअनुसार दरबन्दीमा थप प्रोत्साहन गरिने छ ।

२०) शिक्षकहरूको पेशागत संघ,संगठन,शिक्षक महासंघलगायत शिक्षा क्षेत्रमा क्रियाशील संघसंस्था, बुद्धिजीविहरूसँग गाउँपालिकाको शिक्षा क्षेत्र सुधारका लागि आवश्यक समन्वयलाई निरन्तरता दिइने छ ।

२१) **'सामुदायिक विद्यालयको परिवर्तन सम्भव छ, हाम्रै पालामा'** भन्ने भनाइका साथ सामुदायिक विद्यालयका शिक्षकहरूलाई आफ्नो पेशाप्रति इमान्दार हुन र सदाचार बन्नका लागि शिक्षकहरूसँग समय समयमा अर्न्तक्रिया गरिने छ ।

२३) प्राविधिक शिक्षालाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

२४) सामुदायिक सिकाई केन्द्रलाई सक्रिय बनाइने छ र सामुदायिक सहजकर्ताहरूलाई पनि नेपाल सरकारले तोकेको न्युतम पारीश्रमीक उपलब्ध गराइने छ ।

२५) हरित विद्यालयको अवधारणालाई क्रमशः विस्तार गरिँदै लगिने छ ।

२६) सुरक्षित विद्यालयको अवधारणालाई कार्यान्वयन गरिनेछ ।

२७) प्रत्येक विद्यालयमा बाल क्लब गठन गरिएको छ। यसलाई प्रोत्साहन गर्न र रचनात्मक तथा सिर्जनात्मक कार्यतर्फ अग्रसर गराइने छ ।

२८) संस्थागत विद्यालयको शुल्कसम्बन्धी नीतिगत व्यवस्थापन गरिने छ । संस्थागत विद्यालयहरूलाई पनि गाउँपालिकाको नीतिनियमभित्र ल्याउनका लागि आवश्यक गृहकार्य सुरू गरिएको र यसलाई निरन्तरता दिइने छ ।

२९) बालबालिकाको प्रतिभाको पहिचान गर्न शैक्षिक मेलाजस्ता अन्य रचनात्मक क्रियाकलपहरू आयोजना गरिने छ ।

३०) प्र.अ. नियुक्ति खुल्ला प्रतिष्पर्धाबाट गर्न कार्यविधि बनाइने छ ।

३१) कक्षा–५ र ८ को वार्षिक परीक्षा सञ्चालन गर्दा केन्द्र निर्धारण गरेर पालिकास्तरबाटै परीक्षा लिने व्यवस्था र गाउँपालिका स्तरबाटै नजिजा सार्वजनिकको व्यवस्था सुरूवात गरिने छ ।

३२) विपन्न एंव जेहेन्दार छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिने छ।

३३)सामुदायिक विद्यालयहरूले कक्षा ५ र ८ को पालिका स्तरको परिक्षामा ८० प्रतिशत नजिजा ल्याउने विद्मालयहरूलाई नीति निर्माण गरी कार्यसम्पादन मुल्याङकनको आधारमा विशेष कार्यक्रम ल्याईनेछ। भने माध्यमिक तहका विद्यालयलाई एस.इ.इ.मा र क्याम्पसहरूलाई नतिजाको मुल्याङकनका आधारमा मात्र अनुदानको व्यवस्था गरिनेछ।

३४) **अध्यक्ष छात्रवृत्ति कार्यक्रम** मार्फत प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनरत गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ । यसबाट गाउँपालिका भित्र आवश्यक पर्ने प्राविधिक जनशक्ति गाउँपालिकाबाट भित्रै उत्पादन हुने अपेक्षा गरिएको छ ।

३५) गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था, भुगोल, विद्यार्थी संख्या आदिलाई मध्यनजर गर्दै सम्बन्धित सरोकारवालाहसँग छलफल गरी संभाव्यताका आधारमा नमूना आवासीय विद्यालय निर्माण तथा संचालन गर्ने नीति लिइनेछ ।

३६) सामुदायिक सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै लाने नीति लिइनेछ

। पालिका भित्रका माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा प्रोजेक्टरको माध्यमबाट शिक्षण सिकाई उपलब्ध गराउन शुरूवात गरिनेछ ।

३७). बालबालिकाहरूलाई कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी सच्चा चरित्रवान तथा सुयोग्य नागरिक बनाउन नगर भित्रका सबै विद्यालयहरूमा स्काउट, जुनियर रेडक्रस, बाल क्लब लगायतका गतिविधीहरूलाई प्रोत्साहित गर्दै लाने नीति अवलम्बन गरिनेछ ।
३८). प्रविधी मैत्री शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।
३९). कक्षा १० सम्म शिक्षा निःशुल्क रहेको र १२ कक्षा सम्मको शिक्षा पनि पूर्णतया निःशुल्क बनाउनका लागि शिक्षा समितिको बैठकबाट एउटा कार्यदल बनाउने र कार्यदलको प्रतिवेदनको आधारमा अघी बढ्ने नीति लिइनेछ ।

## ख) खेलकुद

**१**) लामोसाँघुको बसन्तपुर क्षेत्रलाई अन्तर्राष्ट्रिय खेलग्रामको रूपमा विकास गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ । वडा स्तरमा रहेका ठूला खेल मैदानलाई व्यवस्थित गरिने छ । वडास्तरका खेलमैदानको स्तरोन्नतिमा ध्यान दिइने छ ।
३) विद्यालयमा रहेका खेलमैदानलाई व्यवस्थित गरिने छ ।
४) जुनसुकै खेलको पनि राष्ट्रियस्तरको प्रतियोगिताका बिजेता (प्रथम) लाई आकर्षक पुरस्कार प्रदान गरिने छ ।
५) विद्यालयस्तरमा लोकप्रिय खेल राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइने छ ।
६) प्रत्येक विद्यालयका बालबालिकाहरूलाइ खेलप्रति रूचि बढाउन प्रोत्साहन गरिने र गाउँपालिकाभित्र निर्माण भएका खेलकुद मैदानको स्तरोन्नति गर्दै लगिने छ।
७) खेलकुदको सबै क्षेत्रका खेलाडीहरूको प्रोफाईल निर्माण गरी गाउँपालिकाबाट क्षेत्रगत रूपमा परिचय-पत्रको व्यवस्था गरिने छ । खेल क्षेत्रलाई जीवित राख्नका लागि आ.व.२०८०/०८१ मा अन्तरपालिकास्तरीय एउटा प्रतियोगिता सञ्चालन गरिने छ ।

८) सुनकोशी गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने उत्कृष्ट खेलाडी तथा जित हासिल गराउन सहयोग पुऱ्याउन प्रशिक्षकहरूलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाइने छ।
९) विद्यालयस्तरमा खेलकुदलाई प्राथामिकतामा राख्दै यो वर्षदेखि एक जना खेल शिक्षक राख्ने र  घुम्ती रूपमा प्रत्येक विद्यालयमा खेल प्रशिक्षण गराइने छ ।
१०) ओलम्पीक **२०४३ सिन्धु अभियान २०८०** लाई पालिकामा सञ्चालन गर्न आवश्यक गृहकार्य गरिने छ ।

## स्वास्थ्य

१. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको व्यवस्थापनलाइ जोड न्यूतनम गुणस्तरिय स्वास्थ्य सेवालाई बृद्धि गरिने छ ।
२. गर्भवतीहरूलाई कुपोषित हुन नदिन प्रत्येक दुइ दुइ महिनामा एक क्रेट अण्डा वितरण गरिने छ ।
३. ६० वर्ष उमेर कटेका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई स-सम्मान विदाइ गरिने छ । सबै लाई अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
४. स्वास्थ्य विमा कार्यक्रम लाइ प्रभावकारी बनाउन कदम चाली दिर्घरोगीहरू सबैलाई स्वास्थ्य बिमामा समावेश गरिनेछ छ ।
५. नेपाल सरकारले नि:शुल्क घोषणा गरेको औषधीहरू माग बमोजिम पर्याप्त मात्रामा उपलब्ध गराइने छ ।
६. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वय सेविकाहरूलाई दिइएको प्रोत्साह भत्तालाई निरन्तरता दिइने छ ।
७. जिरोहोम डेलिभरी बनाउन गर्भवती आमाहरूलाई वर्थिङ्ग सेन्टर सम्म लान लाग्ने एम्बुलेन्स खर्च प्रति व्यक्ती ३०००।०० को  व्यवस्था गरिने छ ।
८. पाठेघर खस्ने महिलाहरूको पहिचान गरि उपचारको व्यवस्था मिलाइने छ ।

९. पूर्ण खोप सूनिश्चितता तथा दिगोपनाको सफलतालाइ निरन्तरता दिइने छ|

१०. कुपोषण रहित समाजको निर्माण गरिनेछ ।

११. मातृ तथा शिशु मृत्यु दर मा भएको प्रगतिलाइ कायम राखिने छ ।

१२. सबै स्वास्थ्य संस्थाहरूबाट इ रिपोटिङ्ग गर्न दक्ष बनाइने छ ।

१३. सबै पालिकावासीलाई स्वास्थ्य बिमाका बारेमा सचेतना अभियान चलाइने छ । महिला स्वास्थ्य स्वयम्सेविकाको स्वास्थ्य सेवा सुविधा वृद्धि गरी थप जिम्मेवार बनाइने छ ।

१४. ८) गर्भवती र सुत्केरी महिलाहरूको घरमै पुगेर स्वास्थ्य परीक्षणको व्यवस्था गरिने छ ।गर्भवती महिलाको परीक्षण एवम् सुत्केरी पश्चातको परीक्षण **एएनसी** तथा **पीएनसी** (ANC- PNC) लाई प्रभावकारी बनाइने छ । यसका लागि सुत्केरीपश्चात गरिने परीक्षण गर्न घरमै चेकजाँच गर्ने व्यवस्था मिलाइने छ ।

१५. सुत्केरी महिलाहरूका लागि पोषणका लागि गेडागुडीलगायतका पोसिलो सामग्री उपलब्ध गराइने छ ।

१६. विशेष शिविरहरूमार्फत स्वास्थ्य संस्थाहरू र भौगोलिक रूपमा विकट स्थानहरूमा स्क्रिनिङसेवाहरू सन्चालन गरिनेछ तथा केही जटिल रोगहरू **यूटरीन प्रोल्याप्सेस, अवस्याक्टेस फिस्टुला, भीआइए, पाप स्मीएर** (Uterine Prolapses, Obstetrics Fistula, VIA, PAP smear) का लागि सेटलाइट सेवा कार्यक्रमहरू लागु गरिनेछ ।

१७) गर्भवतीहरूको लागि ग्रामीण अल्ट्रासोनोग्रफी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिने छ ।

१८) सुनकोशी गाउँपालिकामा रहेका सम्पूर्ण दिर्घ रोगीहरूको अस्पतालको प्रमाणका आधारमा स्वास्थ्य विमा गरिनेछ।

१९) योग गरौ स्वस्थ्य बनौ भन्ने मान्यतालाई आत्मसाथ गर्दे गाउँपालिका भर योग शिवीरलाई प्राथामीकतामा राखिने छ ।

## ङ) खानेपानी तथा सरसफाइ

- सुनकोशी गा.पा.का सबैलाई खानेपानीको सुविधाका लागि पहल गरिने छ । एक घर एक धारा अभियानलाई निरन्तरता दिइने छ ।
- बजार तथा व्यवसायजन्य क्रियाकलाप तथा सरकारी र संघसस्थाका कार्यालय भएका ठाँउका वरिपरिका वातावरण सफा राख्न नीति ल्याइने छ ।
- लिफ्टिङ वा बोरिङबाहेक परम्परागत स्रोत संरक्षण गरेर पानी प्रयोग गरिरहेका उपभोक्तालाई न्यूनतमभन्दा माथिको शुल्कमा बीस प्रतिशत छुटको व्यवस्था गरिने छ ।
- वडा नम्बर १, २ र ३ को बृहत् खानेपानी आयोजनाको कामलाई समयमा नै सम्पन्न गर्नका लागि प्रभावकारी समन्वय गरिने छ । सो आयोजना प्रभावित बनाउने गरी सिर्जना हुन सक्ने स्थानीय समस्या तत्काल समाधानमा भूमिका निर्वाह गरिने छ । वडा नम्बर ६ र ७ का खानेपानी योजनालाई प्रभावकारी बनाइने छ । वडा नम्बर ४ र ५ मा स्रोत संरक्षण र मर्मततर्फ ध्यान दिइने छ ।
- विभिन्न बस्तीहरूमा रहेका परम्परागत धाराहरूको ऐतिहासिकता झल्कने गरेर पुननिर्माण गरिने छ ।

## च) धार्मिक तथा सास्कृतिक नीति

१) धार्मिक रूपमा निर्माणमा रहेका बौद्ध, गुम्बा, मन्दिर पाटी पौवा, चर्च आदिलाई संरक्षण संवर्द्धन कार्यलाई निरन्तरता दिइने छ ।
२) परम्परादेखि चलिआएको संस्कृति रहनसहन चालचलन रीतिरिवाजको संरक्षण गर्न र अभिलेखिकरणको कामलाई निरन्तरता दिइने छ ।
३) धर्म तथा संस्कृतिविद्,पण्डित, पुरोहित र लामा, पाष्टर तथा पालिकाभित्रका सम्बद्ध धर्मगुरू बीच छलफल गरी परम्परालाई कसरी थप व्यवस्थित, कम खर्चालु र व्यापक सहभागिमूलक बनाउन सकिन्छ भनी बहसको आयोजना गरिने छ ।

४) साँस्कृतिक पर्व एवं जात्राको सञ्चालन र व्यवस्थापनमा सम्बन्धित समुदायसँग सहकार्य गरिने छ । विभिन्न समुदायले बोल्ने भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासमा प्रोत्साहन हुनेछ ।
(५) मलामी आश्रयस्थल तथा चिहानडाँडामा पूर्वाधार विकासका कामलाई निरन्तरता दिइने छ ।

## छ) महिला

१) महिलालाई आय आर्जनसँग जोडिने गरी कार्यक्रम सञ्चालन गर्ने पहल गरिने छ । साथै महिलाहरूको क्षमता विकास तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरी सशक्तिकरण गरिने छ । लैंगिक समानता तथा महिला सशक्तिकरण कार्यक्रमलाई ल्याइने छ ।
२) ३५ वर्षभन्दा माथि ५९ वर्षसम्म अविवाहित एकल महिलालाई आर्थिक सहयोग उपलब्ध गराइने छ ।
३) महिलाको क्षमता सिप विकास हुने किसिमका कार्यक्रम सञ्चालन गरिने छ ।
४) महिलाहरूले उत्पादन गरेका सामानहरूलाई बजारसम्म पुर्‍याउन पहल गरिने छ ।
५) महिला हक हित र अधिकारको संरक्षणको निम्ति निरन्तर काम गर्दै आइरहेको र यसलाई आगामी वर्ष पनि निरन्तरता दिइने छ ।
६) समाजमा हुने महिला हिंसालाई निरूत्साहित गरी महिला हिंसा मुक्त गाउँपालिका बनाइने छ ।
७) एकल महिलाको पालिकास्तरीय सञ्जाल गठन गरिएको छ, उहाँहरूको क्षमता विकास र आय आर्जनका लागि सहयोग गर्ने नीति ल्याइने छ ।
८) लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति **जेसी** (**GESI**) तयार गरिएकोले सो को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

९) महिलाहरूको निजामति सेवामा प्रवेशका लागि लोकसेवा तयारी कक्षा सञ्चालनमा ल्याइने छ ।

## ज) बालबालिका

१) सबै बालबालिकाको शिक्षामा पहुँच हुनेगरी कार्यक्रम ल्याइने छ ।

२) बालमैत्री गाउँपालिका बनाउन एक वडा छनोट गरी कार्यक्रम सञ्चालन गरिने छ ।

३) समुदाय, वडा र पालिकास्तरमा बालबालिकाको बाल क्लब एवम् बाल संजालको गठन गरिएको छ र यसलाई प्रभावकारीता बनाउदै लगिने छ ।

४) बाल क्लबहरूलाई कियाशील गराइने छ ।

५) २०८३ सालसम्ममा सुनकोशी गाउँपालिकालाई **'वालमैत्री स्थानीय तह'** घोषणा गरिने छ । त्यस्तै पोषण मैत्री स्थानीय तह घोषणामा लागि आवश्यक प्रकृया बगाडी बढाईने छ।

६). बाल उद्यान निर्माण गर्ने नीति लिईनेछ ।

## झ) वृद्ध तथा ज्येष्ठ नागरिक

१) ज्येष्ठ तथा वृद्ध नागरिकको लागि उपयुक्त स्थानमा दिवा आश्रम निर्माणको अवधारणालाई अगाडि बढाई सुरूवात गरिने छ ।

२) सामाजिक सेवा सुरक्षा अन्तर्गत प्रदान गरिने वृद्ध भत्तालाई घरमा नै पुऱ्याउने व्यवस्था मिलाउन बैङ्क तथा वित्तीय संस्थामार्फत पहल थालिने छ ।

३) पालिकास्तरीय ज्येष्ठ नागरिक मञ्चलाई सक्रिय बनाई सोमार्फत कानुन प्रदत्त हकअधिकार र सेवा पुऱ्याउन सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ ।

४) स्थानीय गैरसरकारी संस्थाको साझेदारीमा असहाय, अशक्त र अनाथको लागि गाउँपालिकामा पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याइने छ ।

५) वृद्ध तथा ज्येष्ठ नागरिकका लागि वृद्ध तथा ज्येष्ठ नागरिक मञ्च गठन गरिने छ । वृद्ध तथा ज्येष्ठ नागरिकका लागि सम्मान कार्यक्रम राखिने छ ।

६) यदाकदा पुरूष हिंसाका घटनाका कुराहरू देखिन आएको हुनाले यस्ता घटनाहरूको न्यूनीकरणका लागि पहल गरिने छ ।

७) अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गरिने छ ।

## ञ) अपाङ्ग

१) शारीरिक रूपले अशक्त व्यक्तिहरूको समाजमा पुनःस्थापनाको लागि सम्बद्ध निकायहरूको समन्वयमा उपयुक्त कार्यक्रमको निम्ति पहल गरिने छ ।

२) अपाङ्गताको प्रकृति हेरी सिपमूलक तालिममा सहभागी गराई आय आर्जनको बाटोलाई अगाडि बढाउन पहल गरिने छ ।

३) अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र प्रदानलाई अझै व्यवस्थित गरिने छ ।

४) अपाङ्गता सञ्जाल निर्माण भएको र यसलाई थप व्यवस्थित गरिने छ ।

## ट) पिछडिएको वर्ग, अल्पसंख्यक एवं दलित

१) सुनकोशी गाउँपालिकाभित्रका पिछडिएका वर्ग, अल्पसंख्यक एवं दलित समुदायको आर्थिक सामाजिक विकासको नीति लिइने छ ।

## ३) पुर्वाधार विकास

## क) भौतिक पूर्वाधार

१) गाउँपालिकाको भवन निर्माणको लागि उचित स्थान पहिचान गरी जग्गा व्यवस्थापन गर्ने र यही वर्ष पालिका भवनका लागि डीपीआर गराउने । पालिका भवन निर्माणको लागि संघ प्रदेशसँग सहकार्य गरी आवश्यक कदम चालिने छ ।
२) नयाँ ट्रयाक खोल्ने कार्यलाई निरूत्साहित गरी खनिसकेका सडकलाई ग्रयाबेलिङ गर्ने, सोलिङ गर्ने, नाला खन्ने तथा पर्खाल लगाउने कार्यलाइ अगाडि बढाइने छ । खनिसकेका सडकको इन्जिनियरिङ प्रविधिबाट इस्टिमेट गर्न लगाई उपयुक्त देखेमामात्र योजनालाई निरन्तर अगाडि बढाइने छ ।
३) चलन चल्तीका आवश्यकता अनुसार गोरेटो बाटोलाई स्तरोन्नति गर्न आवश्यक पहल गरिने छ । बेंसी फाँट तथा बस्तीको बीच सञ्जाल जोड्ने

उत्पादनलाई वृद्धि गर्ने खालको कृषि सडकको परियोजनालाई आवश्यक परेमा अगाडि बढाइने कार्यलाई निरन्तरता दिइने छ ।

४) भवन-संहिता र मापदण्डको तर्जुमा, कार्यान्वयन र अनुगमन सहित घरको नक्सा पास प्रणाली क्रमशः लागू गरिने छ । काठको पोलमुक्त गाउँपालिका बनाइने छ ।

५) निजी आवास निर्माण अधुरो रहेका र अझै पनि गुनासो सुनुवाई नभएका लाभग्राहीको पुनर्निर्माण तथा भूकम्प प्रभावितको पुनःस्थापनाको काम दुई वर्षभित्र पूरा गरिने छ । अधुरा रहेका शिक्षण र स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न गरिने छ ।

७) गाउँपालिका भित्रका मुख्य सडकहरूको डी.पी.आर गरेर स्तोरोन्नति गर्दै लगिने छ ।

९) पालिकाभित्रका स्वास्थ्य संस्थाहरूसम्म एम्बुलेन्स पुग्न सक्ने गरेर सडक स्तरोन्नति भएको र यसलाई दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिने छ ।

१०) वैकल्पिक ऊर्जा तथा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी गुणस्तरीय सडक बत्ती जडान कार्य गरिने छ ।

११) फुटपाथ सहितको सडक निर्माण गर्ने र नगरभित्र रहेका सडकलाई सुचीकृत गरी सडकहरूको लगत कट्टा गरिने नीति अवलम्बन गरिने छ ।

१२) मर्मतसम्भार कोषको कार्यविधि निर्माण गरी कोषको व्यवस्था गरिने छ ।

१३) व्यवस्थित बसोबासको लागि गाउँ/नगरविकास योजना (Town Development Plan) लागु गर्ने नीति लिइने छ ।

१४) सडक क्षेत्रमा योजना कार्यान्वयन गर्दा कार्यान्वयनमा ६० प्रतिशत कटिङ् र ४० प्रतिशत स्तरोन्नति सुरूवात गरिने छ ।

१५) विपद्को दृष्टिकोणबाट जेष्ठ महिनादेखि कार्तिक महिनासम्म नयाँ ट्र्याक खोल्न रोकिने छ ।

१६) नयाँ सडक खोल्दा विपदबाट बच्न नयाँ सडक खोल्दा वृक्षारोपणका लागि ( बाँस र उतिस) २ प्रतिशत बजेटको व्यवस्था स्टिमेटमै अनिवार्य व्यवस्था गरेर अगाडि बढाइने नीति लिइने छ ।

१७) **'सुनकोशीको शान माझी र पहरीको योगदान'** भन्ने मुल नाराका साथ सुनकोशी गाउँ पालिकामा रहेको वडा नं ७ को माझीगाउँ र वडा न.१ मा रहेको पहरी बस्तीलाई सडकको क्षत्रेमा बस्ती विकास रिङरोडको अवधारणा अनुसार आ.व.२०८०/०८१ मा डिपीआर गरी निर्माण प्रकृया अगाडी बढाईने छ। क्रमश अन्य बस्तीहरूलाई पनि उत्पादन तथा पर्यटनसँग जोड्ने गरी कार्य प्रकृया अगाडी बढाईने छ।

## ख). विद्युत

१) सिन्धुपाल्चोक जिल्लामा पहिलो पटक स्थापना भएको सुनकोशी जलविद्युत केन्द्र र सिन्धुपाल्चोक वितरण केन्द्रसँग समन्वय गरेर नियमित विद्युत आपुर्ति हुने व्यवस्थाका लागि सहजीकरण गरिने छ ।

२) विद्युत उत्पादन प्रक्रियामा अवलोकन गर्ने प्राविधिकसँग समन्वय गरी पर्यटन प्रवर्द्धनमा जोड दिइने छ र सुनकोशी जलविद्युत आयोजनाको पोखरीमा माछा पालन व्यवसाय गर्न सम्बन्धित विद्युत कार्यालयसँग समन्वय गरिने छ ।

३) विद्युतका नाङ्गो लाइनहरूलाई केबुल तारले विस्थापित गर्नको निम्ति प्राधिकरणसँग अनुरोध गरिने छ ।

४) पालिकाका सबट्रान्सफर्मरहरूको क्षमता बिस्तार गरी कम्तिमा ५० के. भी. को क्षमतामा बिस्तार गराउन नेपाल विद्युत प्राधिकरणमार्फत पहल गरिने छ ।

५) काठको पोलको अन्त्य भएको र कहीँकतै भए यसलाई शून्यमा झारिने छ ।

## ग) सिंचाई नीति

१) कृषि तथा पशुपालनको लागि पानीको उचित **स्रोत नभएको ठाँउमा निर्माण गरौं प्लाष्टिक पोखरी, हुने छ वर्षाको पानी भकारी"** भन्ने अभियान चलाई प्लास्टिक पोखरीको अवधारणा ल्याई सम्भाव्यता अध्ययन गरिने छ ।

२) गाउँपालिकाभर सिंचाई सम्भाव्यताको अध्ययन सम्पन्न भएको र उक्त अध्ययनले दिएको सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

३) स्थानीय तथा राष्ट्रिय संघसंस्थाहरूको सहयोगमा साना सिंचाई मर्मत वा निर्माण गरिने प्रक्रियालाई अगाडि बढाइने छ ।
४) खेतीयोग्य जमिनमा सम्भव भएसम्म सिंचाई व्यवस्था गर्न सम्भाव्यताको अध्ययन भइसकेकाले सम्भावना बोकेको उक्त जग्गाको सिञ्चाइ योजनाको लागि संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिने छ ।

## **<u>४) वन वातवरण तथा विपद व्यवस्थापन</u>**

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

१). वातावरणमैत्री स्थानीय शासनका प्रारूप सुचकहरू सम्वन्धित निकायहरू, सामुदायिक वनहरूसँग सहकार्य गरेर कार्यान्वयन गर्दै गाँउलाई हरित वातावरण गाँउ बनाउन पहल गरिने छ ।
२). गाउँपालिकाभित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिईनेछ ।
३). वन क्षेत्रको बैज्ञानिक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीबुटि तथा फलफुल विकास र विस्तार गरिने छ । जलवायु अनुकूलन र पर्यावरण संरक्षण कार्यक्रमलाई जोड दिइने छ ।
४). गाउँपालिका भित्रका पोखरी, ताल तलैया, वरपिपल चौतारीको संरक्षण र सम्बर्द्धन गरिने छ ।
५). परम्परागत खानेपानीका स्रोत र मुहानहरूको संरक्षण गर्दै पुराना एवं जीर्ण अवस्थाका कुवा तथा पोखरी मर्मत तथा संरक्षण गरिने छ ।
६). प्रदुषण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरू निर्माण गरिने छ ।
७). सामुदायिक वन उपभोक्ता समुहहरूसँगको सहकार्यमा सामुदायिक वन क्षेत्रमा नगदेबालीको उत्पादन सुरूवात, वनमा आधारित उद्यमहरूको विकास गरिने छ।
८). विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद ब्यवस्थापन कोषलाई प्रभावकारी बनाइने छ।
९). विपद्को आवश्यक पूर्व तयारी तथा विपद् पश्चात व्यवस्थापनको प्रभावकारी नीति लागू गरिने छ । साथै विपद् व्यवस्थापन गुरूयोजनालाई क्रमिकः रूपमा कार्यान्वयन गरिने छ ।

१०). गाउँपालिका क्षेत्रभित्र रहेका पर्ती र सार्वजनिक जग्गाहरूको लगत संकलन गर्ने कार्यको थालनी गरिने छ ।

## ५) सुशासन तथा संस्थागत विकास

सुनकोशी गाउँपालिकाको सुशासन तथा संस्थागत विकासका लागि तपशिल अनुसार कार्य प्रकृया अगाडी बढाईने छ।

१). गुनासो व्यवस्थापन समितिलाई सक्रिय बनाई सम्भव भएसम्म नियमित रूपमा गुनासो सुनेर व्यवस्थापन गर्ने कार्यलाई जोड दिइने छ ।

२). गाउँपालिका, वडा लगायत सबै कार्यालयहरूमा डिजीटल हाजिरीको व्यवस्था गरिएको र यसलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

३). नागरिक वडापत्रबाट गाउँपालिकाबाट हुने सबै सेवा प्रवाहको जानकारी गराउने कार्यलाई व्यवस्थित गरिने छ ।

४). सुनकोशी–५ मा रहेको अस्थायी प्रहरी चौकीको लागि भवन बनाउन सम्बन्धित निकाय समक्ष पहल गरिने छ। अन्य आवश्यक ठाउँमा पनि चौकी राख्न पहल गरिने छ ।

५). पालिका र सबै वडा कार्यालयमा गुनासो पेटिका राखिने छ । गुनासो सुन्नको निमित्त निःशुल्क हटलाइन र सामाजिक सञ्जाल जस्तो फेसबुकको प्रयोगलाई पनि जोड दिइने छ ।

६). पालिकाबाट प्रदान गरिने सम्भव भएसम्मका सेवालाई ई–सेवामार्फत विस्तार गर्न पहल गरिने छ ।

७) डीजीटल पालिकाको अवधारण अनुसार कार्यप्रकृया अगाडी बढाईनेछ।

८). सुनकोशी गाउँपालिकामा योजना बैक निर्माण गरी सोबाट (अल्पकालिन, मध्यकालिन र दिर्घकालिन) योजना निर्माण गरी दिगो विकास लक्ष्यलाई केन्द्रमा राखेर गाउँपालिकाको एकिकृत १० वर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

९) पालिकाको ५ वर्षे मध्यकालिन खर्च योजना निर्माण गरी क्रमश कार्यान्वयन गरिनेछ।

१०). योजना शाखा र राजश्व शाखामा सफट्वेयरको निर्माण आ.व.को शुरू देखि नै कार्यान्वयनमा ल्याईने छ।

१०). गाउँपालिकाको प्रोफाईल निर्माण गर्न वास्तविक तंथ्याकका संकलनका लागि बहुक्षेत्रीय सर्भेक्षण गरिने छ।साथैँ, वास्तविक तथ्यांकका आधारमा, प्रोफाईल र गुरू योजना निर्माण) निर्माण गरिने छ।

## क) राष्ट्रसेवक कर्मचारी

- ❖ कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।
- ❖ कर्मचारी कल्याण कोषको स्थापना गरी निरन्तरता दिइने छ ।
- ❖ गुण तथा दोषका आधारमा मुल्यांकनको नीति लिइने छ ।

## ख) सूचना तथा सञ्चार

१) गाउँपालिका भित्रका सबै सूचनाहरू सहजै उपलब्ध गराउनका लागि आवश्यक कार्यको थालनी गरिने छ ।

२) सञ्चार क्षेत्रको विकासको लागि नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखासँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने नीति अघि सारिने छ ।

३) गाउँपालिकाको गतिविधिहरूको विभिन्न सञ्चार माध्यमबाट प्रकाशन, प्रसारण गरिने छ।

४) वार्षिक रूपमा सार्वजनिक सुनुवाई गरेर गाउँपालिकाबाट हुने सेवा प्रवाहको बारेमा जानकारी गराइने छ ।

५) उपभोक्ता समितिहरूको सट्टा अब टोल विकास समिति गठन गर्ने नीति अघि सारिने छ ।

६) गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरी सबैले हेर्न मिल्ने गरी मोबाइल एप्सको विकासका साथै वेवसाईटलाई थप व्यवस्थित गरिने छ ।

७) गाउँपालिकाका सबै गतिविधिलाई रेडियो, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जाल मार्फत नागरिकलाई सुसुचित गरिने छ ।

९) सेवा प्रवाहमा, उत्पादनमा अथवा अन्य क्रियाकलापलाई सहज बनाउने प्रविधिको प्रयोगमा जोड दिइने छ । सबै बिद्यालयहरूमा ईन्टरनेट सेवा उपलब्ध गराइएको छ, यसको दिगो सञ्चालनको लागि व्यवस्थित बनाइने छ ।
१०) गाउँपालिकाभरका सार्वजनिक, सरकारी कार्यालयहरूमा क्रमशः प्रविधि मैत्री बनाउँदै लगिने छ, यसका लागि क्यान महासंघ सिन्धुपाल्चोकसँग आवश्यक समन्वय गरिने छ ।
४. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइने छ।
५. नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइने छ।

## ग) ऐन, कार्यविधि तथा न्याय सम्पादन

१) न्यायिक समितिमार्फत कानुनी सेवा सरल ढंगबाट प्राप्त गर्न सकिने गरिने गरी सहज बनाइएको र यसलाई प्रभावकारी बनाइने छ ।
२) नीति तथा कार्यक्रम अन्तर्गत बनाउनु पर्ने कार्यविधि तथा गाउँपालिकालाई आवश्यक पर्ने ऐन कानुन तयार गरी सभामा पेश गरिने छ ।

## घ) गैर सरकारी संघ/संस्था सम्बन्धी नीतिहरू :

१) गाउँपालिका भित्र क्रियाशिल गैरसरकारी संघ/संस्थामार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन पालिकास्तरीय अनुगमन संयन्त्र निर्माण गरी अनुगमनको व्यवस्था गरिने छ ।
२) गैर सरकारीसंघ/सस्थाद्वारा गाउँपालिकाभित्र सञ्चालित योजना तथा कार्यत्रक्रमहरूको अर्धवार्षिक तथा वार्षिक जाँचाङ्कन/मुल्याङ्कन तथा समीक्षा गरिने छ ।
३) गैर सरकारी संघ/संस्थाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
४) यस गाउँपालिकामा कार्यक्षेत्र भएका गैरसरकारी संघ/सस्थासँग साझेदारीको नीति लिइएको र यसलाई प्रभावकारी रूपमा अगाडि बढाइने नीति लिइने छ ।

## न्यायिक कार्य तर्फ

१) न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरूलाई थप सक्रिय बनाईनेछ । यसका लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरूको क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।

२) सुनकोशी गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताहरु मध्ये मापदण्ड बनाई उत्कृष्ट मेलमिलापकर्ताहरूलाई सम्मान गरिनेछ । वडा मेलमिलाप संयोजकलाई प्रोत्साहन स्वरूप संचार खर्च र सूचिकृत मेलमिलापकर्ताहरूलाई विवाद समाधानको आधारमा प्रोत्साहन खर्च उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

३) गाउँपालिका भित्रका नागरिकहरूबाट प्राप्त भएको न्यायिक उजुरीलाई सकभर वडा मेलमिलाप केन्द्रबाट नै समाधान गर्ने नीति लिइनेछ ।

४) .मेलमिलापको माध्यमबाट विवाद समाधानका लागि दक्ष जनशक्तिको उत्पादन गरी न्यायमा पहुँच र दीगो शान्तिको स्थापना गर्ने नीति लिइनेछ ।

५) बहुसरोकारवाला विवाद्को समाधानको लागि प्राकृतिक श्रोत द्वन्द्ध रूपान्तरण केन्द्र नेपालसंग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

**अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम माथि गहन छलफल गरी रचनात्मक सुझाव सल्लाहसहित पारित गरिदिनु हुन सम्मानित सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।**

**१० असार २०८०**